"खानेपानी, सडक, विद्युत, कृषि, पर्यटन, संचार, खेलकुद, स्वास्थ्य, शान्तिसुरक्षा र शिक्षा: पौवादुङ्मावासीलाई उपलब्ध गराउने गाउँपालिकाको ईच्छा"

# पौवादुङमा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

ब्याङग्रे, भोजपुर
१ नं. प्रदेश, नेपाल

पत्र सं.:-२०७९/०८० प्रशासन
चलानी नं.:- 30

मिति :-२०७९/०४/०९

विषय : सम्पत्ति विवरण बुझाउनेबारे ।

श्री पौवादुङमा गाउँ कार्यपालिका तथा वडा कार्यालयका पदाधिकारीहरु, सबै
श्री पौवादुङमा गाउँ कार्यपालिकाको कार्यालय वा अन्तरगत कार्यरत स्थायी/करारका कर्मचारीहरु सबै,
श्री पौवादुङमा गाउँपालिकास्तरका मा. वि./आ. वि. ३४ वटै सबै,
श्री पौवादुङमा गाउँपालिका, स्वास्थ्य चौकीमा कार्यरत स्थायी/करारका कर्मचारीहरु सबै ।

उपरोक्त सम्वन्धमा भ्रष्टचार निवारण ऐन, २०५९ को दफा ५० (१), अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१ (क) र निजामती सेवा नियमावली २०५० को नियम ११८ बमोजिम प्रत्येक कर्मचारीहरु तथा सार्बजनिक पदधारण गरेका राजनैतिक पदाधिकारीहरुले समेत आर्थिक बर्ष समाप्त भएको ६० दिन भित्र सम्पत्ति विवरण बुझाउनु पर्ने व्यवस्था भए अनुसार संघीय मन्त्रालय तथा प्रदेश मन्त्रालयमा पेश गर्नु पर्ने अवधीलाई मध्येनजर गरी सम्वन्धित कार्यालयमा बुझाउँदा यहि श्रावण मसान्तभित्र दर्ता गराई सक्नु पर्ने भएको र सम्वन्धित निकायमा भाद्र मसान्तभित्र पेश गरी सक्नु पर्ने कानूनी व्यवस्था भएकोले सोही अनुसार बुझाउनु होला । साथै कार्यालयमा दर्ता नगरी आफुखुशी हुलाक तथा अन्य माध्यमबाट समेत विवरण पठाउने गरेको पाईएकोले सो सम्पत्ति विवरण राष्ट्रिय सतर्कता केन्द्रको सफ्टवयरमा अनिबार्य रुपमा प्रविष्ट गराउनु पर्ने व्यवस्था रहेकोले सम्भव भएसम्म यस कार्यालयको प्रशासन शाखामा बुझाउन हुन जानकारीको लागि अनुरोध छ ।

२०७९/०४/०९
..............................
आङलाक्पा तामाङ
नि. प्रमुख प्रशासकीय अधिकृत

सम्पत्ति विवरण बुझाउने बन्दीखामको बाहिरी भागमा लेख्ने विवरणको ढाँचा

| | |
|---|---|
| कर्मचारीको संकेत नं. : | श्रेणी/तह : |
| नाम थर : | कार्यरत कार्यालय : |
| पद/दर्जा : | मोबाईल नं. : |
| सेवा/समुह : | ई-मेल ठेगाना : |

श्री सूचना तथा प्रविधि इकाई : Website मा upload गरिदिन हुन ।